REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 29.09.2025

## 1. Maha Saptami-Desk

हिन्दू धर्मावलम्बीहरूको प्रमुख चाड, नवरात्रीको आज सातौं दिन हो। देशभर महा सप्तमी बडो धूमधामले मनाइन्दैछ। माँ शक्तिको नौवटा विभिन्न रूपको पूजा आराधना गरिने यो पर्वअन्तर्गत आज अन्धकार र अज्ञानताका विनाशक देवीको रूपमा माँ कालरात्रीको पूजा अर्चना गर्ने गरिन्छ। सिक्किम र दार्जिलिङ पहाड खण्डमा आज फूलपाती भव्य रूपमा मनाइयो। श्रद्धालुहरू आज फूलपाती टिपेर भगवती दुर्गाको विधिपूर्वक पूजा गर्छन्। आज राज्यका विभिन्न स्थानहरूमा फूलपातीको शोभायात्रा निकालियो। भोलि अष्टमीको दिन बलि पूजा गरिनेछ।

## 2. Seva Parva-Desk

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रुपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। विशेष शृंखला सेवा पर्व अन्तर्गत मोदी सरकारले प्रधानमन्त्री गतिशक्ति राष्ट्रिय गुरुयोजना मार्फत पूर्वाधार विकासमा कसरी क्रान्तिकारी परिवर्तन ल्याएको छ।

## 3. GST Reforms – Healthcare-NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गर्नुभएको GST बचत महोत्सवले समाजका सबै वर्गलाई फाइदा पुऱ्याइरहेको छ। यो महोत्सव यसै महिनाको २२ तारिखदेखि सुरु भएको हो। अर्को पुस्ताको GST सुधारहरू भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्त्वपूर्ण कदम हो। यी सुधारहरूले स्वास्थ्य सेवा क्षेत्रमा कर दर घटाएर नागरिकहरूलाई उल्लेखनीय राहत प्रदान गरिरहेका छन्।

## 4. India – Bhutan-NSD

भारत र भुटानले कोक्राझार-गेलेफु र बनरहाट-समत्से बीच दुई सीमापार रेल लिंक स्थापना गर्न सहमति जनाएका छन्। भुटानसँगको रेल परियोजनाको बारेमा विस्तृत जानकारी दिँदै केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले यो परियोजनाले भुटानका दुई प्रमुख शहरहरू गेलेफु र सामत्सेलाई जोड्ने बताउनुभयो। उहाँले यी दुई परियोजनाहरू कोक्राझार र बनरहाटमा रहेको भारतीय रेल नेटवर्कबाट सुरु हुने पनि अवगत गराउनुभयो। श्री वैष्णवका अनुसार लगभग ९० किलोमिटर रेलवे ४,३३० करोडको अनुमानित लागतमा निर्माण गरिनेछ। केन्द्रीय मन्त्री भुटानको अर्थतन्त्रको विकासको लागि रेल सम्पर्क सुविधा अत्यन्त आवश्यक रहेको उल्लेख गर्नुभयो। यस अवसरमा विदेश सचिव विक्रम मिश्रीले यो भारत र भुटानबीचको पहिलो रेल सम्पर्क सुविधा परियोजना हो। उहाँले यस सम्पर्क सुविधाको लागि गत वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीको भुटान भ्रमणको क्रममा हस्ताक्षर गरिएको पनि जानकारी दिनुभयो। श्री मिश्रीले भारत र भुटानले विश्वास, पारस्परिक सम्मान र समझदारीको असाधारण सम्बन्ध साझा गर्ने बताउँदै भारत भुटानको शीर्ष व्यापारिक साझेदार हो भन्नुभयो।

## 5. SPSA – Karnataka – Sagar Chettri

कर्नाटकको कोप्पल जिल्लाको खेलो इन्डिया सेन्टरमा सेप्टेम्बर २६ देखि २८ सम्म आयोजित १३ औं सब-जुनियर राष्ट्रिय पेन्काक सिलाट प्रतियोगिता २०२५ मा सिक्किमका पेन्काक सिलाट मार्शल आर्टिस्टहरूले राज्यका लागि तीन पदक जितेका छन्। च्याम्पियनशिपमा सिक्किम पेन्काक सिलाट एसोसिएसन [SPSA] टोलीले एक स्वर्ण पदक, एक रजत र एक कांस्य पदक जितेको छ। पदक जित्नेहरूमा जेसिका मगर र एन्जेलिन्जा गुरुङ रहेका छन्। SPSA टोलीको साथमा एलोमा सुब्बा टोली प्रशिक्षक र मुक्कुम हाङ सुब्बा टोली प्रबन्धकको रूपमा थिए। यो प्रतियोगिता कर्नाटक पेन्काक सिलाट एसोसिएसनले भारतीय पेन्काक सिलाट फेडरेशनको ब्यानरमा आयोजना गरेको थियो।

## 6. NADDA - WORLD HEART DAY-NSD

आज विश्व मुटु दिवस हो। हरेक वर्ष सेप्टेम्बर २९ मा मुटु रोग, त्यसको रोकथाम र त्यसको विश्वव्यापी प्रभावको बारेमा जनचेतना जगाउन यो दिवस मनाइने गरिन्छ। केन्द्रीय स्वास्थ्यमन्त्री जेपी नड्डाले सामाजिक सञ्जालको एक पोस्टमा विश्व मुटु दिवसले स्वस्थ मुटुको महत्त्वलाई प्रकाश पार्ने र मुटुसँग सम्बन्धित रोगहरू रोक्न सक्रिय उपायहरू अवलम्बन गर्न प्रोत्साहन गर्ने उल्लेख गर्नुभएको छ।